# राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्रिय सुरक्षा परिषद् ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले संविधानको धारा २६६ बमोजिमको राष्ट्रिय सुरक्षा परिषद् सम्झनु पर्छ।

(ग) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(घ) "सचिवालय" भन्नाले दफा ७ बमोजिमको परिषद्को सचिवालय सम्झनु पर्छ।

(ङ) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ।

(च) "सदस्य-सचिव" भन्नाले परिषद्को सदस्य-सचिव सम्झनु पर्छ।

(छ) "सुरक्षा निकाय" भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग सम्झनु पर्छ।

३. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मुलुकको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) विकास निर्माण, विपद व्यवस्थापन, मुलुकको समग्र राष्ट्रिय हित र सुरक्षा लगायतका अन्य कार्यमा नेपाली सेनाको उपयोग र परिचालनका सम्बन्धमा नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) संविधान तथा प्रचलित संघीय कानून बमोजिम नेपाली सेनाको परिचालन वा नियन्त्रण सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(घ) मुलुकको समग्र राष्ट्रिय हित सुरक्षा र प्रतिरक्षाका दृष्टिले आवश्यक देखिएमा नेपाली सेनाको परिचालन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ङ) नेपाली सेनालाई राष्ट्रिय महत्वका कुनै स्थान, परियोजना वा सम्पदाको सुरक्षाको लागि आवश्यकता अनुसार परिचालन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(च) राष्ट्रिय सुरक्षा सम्बन्धी नीति तर्जुमा गर्न सुरक्षा निकाय लगायत सम्बद्ध निकायबाट राष्ट्रिय सुरक्षा सम्बन्धी सूचना प्राप्त गर्ने,

(छ) सुरक्षा निकाय लगायत सम्बद्ध निकायवाट प्राप्त राष्ट्रिय सुरक्षा सम्बन्धी सूचनाको आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन राष्ट्रिय सुरक्षा रणनीति तथा कार्ययोजना तयार गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) नेपालको समग्र राष्ट्रिय हित र सुरक्षा सुदृढ गर्न आवश्यक रक्षा कुटनीति सञ्चालन गर्न नेपाल सरकारलाई राय सुझाव दिने,

(झ) नेपाली सेनाको सुदृढीकरण एवम् आधुनिकीकरण गर्न आवश्यक कार्ययोजना तयार गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ञ) नेपाली सेना परिचालन भएको समय र स्थानमा अन्य सुरक्षा निकायहरुको समन्वयात्मक परिचालन सम्वन्धी कार्ययोजना बनाई लागू गर्ने,

(ट) राष्ट्रिय विपद्को समयमा नेपाल सरकारको अनुरोध र आह्वानमा मानवीय खोज तथा उद्धारमा आउने विदेशी सैन्य तथा सोसँग आवद्ध अन्य स्रोतको समन्वयात्मक रुपमा सञ्चालन र प्रयोग सम्वन्धी आवश्यक मापदण्ड तयार गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ठ) सुरक्षा निकायको लागि चाहिने हातहतियार, उपकरण र तिनीहरुको मापदण्ड सम्बन्धी नीति तर्जुमा गरी स्वीकृतीको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ड) राष्ट्रिय सुरक्षा र प्रतिरक्षा सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने गराउने,

(ढ) मुलुकको समग्र शान्ति सुरक्षा सम्बन्धमा देखिएका चुनौतीको समाधानका लागि आवश्यक रणनीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ण) नेपाल सरकारवाट स्वीकृत सुरक्षा रणनीति योजना तथा मापदण्ड कार्यान्वयनको मूल्याङ्कन तथा अनुगमन गरी सोको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने,

(त) नेपाली सेनाको दुईपक्षीय तथा बहुपक्षीय सहयोग प्राप्ति तथा परिचालन सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सिफारिस गर्ने,

(थ) मुलुकको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षा सम्बन्धमा नेपाल सरकारलाई राय सल्लाह दिने।

४. विवरण माग गर्न सक्ने : (१) परिषद्ले राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षासँग सम्बन्धी कुनै पनि विषयमा सुरक्षा निकाय लगायत नेपाल सरकार वा प्रदेश सरकारका विभिन्न मन्त्रालय वा निकायसँग आवश्यक सुझाव, विवरण तथा जानकारी माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग भएको विषयमा विवरण तथा जानकारी उपलव्ध गराउनु सम्बन्धित मन्त्रालय तथा निकायको कर्तव्य हुनेछ।

(३) मुलुकको समग्र राष्ट्रिय हित र सुरक्षाको विषयमा प्रदेश सरकार र स्थानीय तहले परिषदलाई आवश्यक सुझाव दिन सक्नेछन्।

(४) नेपाली सेनाको परिचालन भएको समयमा नेपाली सेनाको काम कारवाहीलाई सहज र प्रभावकारी बनाउन प्रदेश सरकार, स्थानीय तह लगायत सवै सरकारी र सार्वजनिक निकायले आवश्यक सहयोग गर्नु पर्नेछ।

५. परिषद्को बैठक : (१) परिषद्को बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) सदस्य–सचिवले परिषद्को बैठक बस्ने मिति, समय र स्थान तथा बैठकको कार्यसूची सहितको सूचना परिषद्का सबै सदस्यहरुलाई उपलव्ध गराउनु पर्नेछ।

(३) कुनै सदस्यले परिषद्को बैठकको लागि निर्धारित कार्यसूचीमा समावेश गरिएका विषयको अतिरिक्त अन्य कुनै विषयमा छलफल गराउन चाहेमा अध्यक्षको अनुमति लिई त्यस्तो विषय बैठकमा पेश गर्न सक्नेछ।

(४) अध्यक्ष सहित पाँच जना सदस्य उपस्थित भएमा परिषद्को वैठकको गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(६) परिषद्को बैठकमा आवश्यकता अनुसार सुरक्षा निकायका प्रमुख तथा सम्वन्धित अन्य पदाधिकारी वा विशेषज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(७) परिषद्को बैठकको निर्णय सदस्य-सचिवद्धारा प्रमाणित गरिनेछ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. नेपाली सेनाको उपयोग र परिचालन : (१) नेपाल सरकारले नेपाली सेनालाई विकास निर्माण, विपद व्यवस्थापन, मुलुकको समग्र राष्ट्रिय हित र सुरक्षा लगायतका कार्यमा उपयोग र परिचालन गर्न सक्नेछ।

(२) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङ्खलताको कारणले गम्भीर सङ्कट उत्पन्न भई नेपाली सेनाको परिचालन गर्न आवश्यक देखिएमा परिषद्को सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम राष्ट्रपतिबाट नेपाली सेना परिचालनको घोषणा हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि गम्भीर राष्ट्रिय सङ्कट उत्पन्न भएमा वा तत्काल सेना परिचालन नगरे त्यस्तो सङ्कट उत्पन्न हुने देखिएमा र तत्काल परिषद्को बैठक बस्न सम्भव नभएमा अध्यक्षले सेना परिचालनको लागि नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त सिफारिस नेपाल सरकारले राष्ट्रपति समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम सेना परिचालन गर्ने सिफारिस गरेको अवस्थामा अध्यक्षले सेना परिचालनको त्यस्तो घोषणा प्रतिनिधि संभामा पेश गर्नु अघि परिषद्को बैठक बोलाई त्यस्तो सिफारिसलाई अनुमोदन गराउनु पर्नेछ।

७. सचिवालय : (१) परिषद्को प्रशासनिक काम कारबाही गर्न एक सचिवालय रहनेछ।

(२) परिषद्को सचिवालय काठमाडौं उपत्यकामा रहनेछ।

(३) परिषद्को सचिवालयलाई आवश्यक पर्ने कर्मचारी र बजेट नेपाल सरकारले उपलब्ध गराउनेछ।

(४) परिषद्को सचिवालयको सङ्गठनात्मक ढाँचा परिषद्को सिफारिसमा नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(५) सदस्य-सचिवले सचिवालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ।

८. सदस्य-सचिवको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सदस्य-सचिवको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) परिषद्को निर्णयहरुको कार्यान्वयनको स्थितीका सम्बन्धमा अनुगमन गर्ने,

(ग) परिषद्को काम, कारबाही सम्वन्धी अभिलेख सुरक्षित साथ राख्ने,

(घ) परिषद्ले तोकेको कार्य गर्ने, गराउने।

९. समिति गठन गर्न सकिने : (१) परिषद्को कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्न तोकिए बमोजिम समिति गठन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम गठित समितिले आफ्नो काम कारवाही संचालन गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

१०. वार्षिक प्रतिवेदन पेश गर्ने : परिषद्ले आफ्नो वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र राष्ट्रपति समक्ष पेश गर्नेछ र त्यस्तो प्रतिवेदन प्रधानमन्त्री मार्फत सङ्घीय संसद समक्ष पेश गरिनेछ।

११. नेपाल सरकारसँग सम्पर्क : परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा रक्षा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

१२. नियम बनाउने अधिकार : यस ऐनको कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

१३. खारेजी र बचाउ : (१) सैनिक ऐन, २०६३ को दफा ६ खारेज गरिएको छ।

(२) सैनिक ऐन, २०६३ को दफा ६ बमोजिम भए गरिएका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।